"सुन्दर शान्तसमृद्ध सभ्य बगनासकाली गाउँको सार, आर्थिक सामाजिक पर्यटनको पूर्वाधार विकासको आधार"

बगनासकाली गाउँपालिकाको

# क्षमता विकास योजना

(२०७९/८० - ०८१/०८२)

प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोग

**बगनासकाली गाउँपालिका**

पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

WebsiteM www.baganaskalimun.gov.np
Email: baganaskali.rural@gmail.com

## अध्यक्षको भनाई

हामी स्थानीय सरकार संचालनका जिम्मेवारीका साथ स्थानीय तहमा प्रवेश गर्‍यौ । जव हामीले स्थानीय सरकारको नेतृत्व गर्न अवसर प्राप्त गर्‍यौ, हाम्रो ध्यान निर्वाचनताका जनतासंग गरेका बाचा र प्रतिबद्धता पुरा गर्न तर्फ कन्द्रित भयो । स्थानीय तहको समग्र क्षमता बिकास बिना गाउँपालिकाले गुणस्तरीय सेवा प्रवाह गर्न कठिनाइ हुन्छ भन्ने कुरा साँचो अर्थमा हामीले भुलेकै हो । यस बिचमा जानिनजानि क्षमता बिकासमा केही औपचारिक, अनौपचारिक कामहरु भएका हुन । तर संस्थागत रुपमा व्यबस्थित तरीकाले भने यो पाटो ओझलमा परेकै हो । यसकारणले पनि हुन सक्छ, गाउँपालीकाले सेवा प्रवाह गर्न सिलसिलामा हामीले प्रत्यक्ष अप्रत्यक्ष समस्या र चुनौतिहरुको सामाना गरेका थियौ । यद्यपि आज हामी एउटा ऐतिहासिक घडिमा छौं जस्तो लाग्छ ।

गाउँपालीकाको क्षमता बिकास योजना ५ बर्ष अघिनै भएको भए हामीले धेरै राम्रा कामहरु गर्न सक्थ्यौ जस्तो लाग्छ । ढीलै भएपनि लुम्बिनी **प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोग** र **ग्रीन डिसिजन प्रालि काठमाण्डौ**को प्राविधिक सहयोगमा यस बगनासकाली गाउँपालिकाको क्षमता बिकास योजना तर्जुमा भएको छ । यो योजनाको कार्यान्वयनका लागि गाउँपालिका आध्यक्षको हैसियतले म दृढता पुर्वक प्रतिबद्धता व्यक्त गर्दछु । यसको प्रभावकारी कार्यान्वयनले नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज हुनेछ भन्ने पूर्ण बिश्वास र आशा लिएको छु ।

क्षमता विकास कार्ययोजनाले आगामी दिनमा गाउँपालिकामा प्रभाव पार्ने यो क्षमता बिकास कार्ययोजना निर्माण गर्ने जस्तौ महत्वपूर्ण भुमिका निर्वाह गर्ने प्रदेशप्रशिक्षण प्रतिष्ठान र सहजकर्ता टिम लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यो योजनाको प्रभावकारी कार्यान्वयन, नतिजामुखि प्रयास र समग्र गाउँपालीकाको सेवा प्रवाहको अवस्थालाइ जनमुखि बनाउँन गाउँपालिकाकाउपाध्यक्ष ,वडा अध्यक्ष ज्युहरु, कार्यपालिका सदस्यहरु, बिभिन्न राजनितिक दलहरु, प्रशासकीय अधिकृत ज्यु, गाउँपालिका बिभिन्न शाखाका अध्यक्ष ज्युहरु, बिभिन्न तह र भुमिकामा रहेर काम गर्ने गाउँपालीकाका कर्मचारीहरु, सामाजिक संघसंस्थाहरु, शुभचिन्तकहरु लगायत सबैमा हार्दिक अनुरोध गर्दछु ।

कृष्णप्रसाद वस्याल
अध्यक्ष
बगनासकालीगाउँपालिका, पाल्पा

## दुई शव्द

भौतिक विकास र मानवीय विकास एउटै सिक्काका दुईवटा पाटा रहेछन जनसहभागिता सहितको विकासलाई दीगो हुने संभावना रहन्छ । अफिसमाकार्यरत पदाधिकारी, कर्मचारी, समुदायको अग्रसरता तथा रुचीलाई पनि साथमा राखेरलान सकियो भने वल्ल हाम्रा भौतिक विकासका प्रयासहरु दीर्घकालीन बन्दा रहेछन ।प्राकृतिक वा मानव निर्मित विपत्तिका कारण गाउँपालिकाले वनाएका पूर्वाधारका संरचनाहरुलाई दीगो वनाउन निकै ठूलो चुनौति छ । यसरी मानव निर्मित विपत्तिहरुलाई कम गर्नका लागि मानिसहरुमा नै लगानी वढाउन जरुरी छ । जनताहरुमा जबसम्म हामीले सरकारी श्रोत तथा साधनहरुमाथिको स्वामित्व वोध श्रृजना गर्न सक्दैनौं तवसम्म विकासलाई दीगो वनाउन सक्दैनौं । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दीगो तथा सन्तुलित विकासको परिकल्पना गरेको छ । विकास त्यति बेला दीगो वन्न सक्छ जति बेला हामीले सवै क्षेत्र, तहतप्कालाई समेटेर योजना वनाउन सक्छौं । हार्डवेयर र सफ्ट बेयरका योजनाहरुलाई समेटेर लान सकियो भने मात्र हाम्रा योजनाहरु सन्तुलित वन्न सक्छन् ।

गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन लेखाजोखा, जेण्डर अडिट, राजस्व परिचालन योजना, क्षमता विकासको खाडल पहिचान आदि आधारमा गाउँपालिकाको क्षमता विकास योजना तयार पारिएको हो । विकासलाई प्रभावकारी रुपमा अघि वढाउन गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन जरुरी छ । क्षमता विकास योजनाले गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली जस्तै आन्तरिक लेखा परीक्षण शाखा तथा अन्य शाखाहरुको संस्थागत विकासमा जोड दिन्छ । गाउँपालिकाको शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक वजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य एवं समन्वयलाई विकासका १० प्रमुख आधारस्तम्भको रुपमा मानी ती क्षेत्रमा पहिचान भएको क्षमताका खाडलहरुलाई क्षमता विकास योजनाको रुपमा अघि वढाइएको छ । वगनासकाली गाउँपालिकाले सहकार्य र समन्वय, वातावरण संरक्षण तथा विपद व्यवस्थापन तथा सामाजिक समावेशीकरणमा विशेष जोड दिन आवश्यक देखिएको छ ।

यो क्षमता विकास योजना वनाउनका लागि सक्रिय भूमिका निर्वाह गर्नुहुने **लुम्विनी प्रदेश प्रशिक्षण प्रतिष्ठाननेपालगंज** र **ग्रीन डिसिजन कन्सल्टींग प्रा.लि. काठमाण्डौ** र पालिकाका सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहान्छु । साथै क्षमता विकास योजनामा भएका कियाकलापहरुलाई गाउँपालिकाको वार्षिक योजनामा समावेश गरी कार्यक्रमको कार्यान्वयनमा जोड दिनु हुन सवैलाई अनुरोध छ ।

सरस्वती दर्लामी चिदी
उपाध्यक्ष
वगनासकालीगाउँपालिका, पाल्पा

# दुई शब्द

सङ्घीय शासन व्यवस्थामा गएसंगै संविधानमा नै तीन तहको सरकार स्थानीय, प्रदेश र सङ्घ गठन गरी ७६१ वटा सरकारले आ-आफ्ना  अधिकार एकल र साझा अधिकार संविधानमा नै व्यवस्था गरी सोको अभ्यास गरेको झण्डै पाँच वर्ष हुन लागेको छ। बगनासकाली गाउँपालिकाले शासकीय अभ्यासको आफ्नो पहिलो पाँच वर्ष पुरा गरिरहँदा नागरिक, जनप्रतिनिधि र कर्मचारीका लागि नयाँ शासकीय अभ्यास, जनताको बढ्दो इच्छा, चाहना, अपेक्षा र माग, श्रोत र साधनको सिमितताका कारण गाउँपालिकाको भौतिक श्रोत साधन, कानूनी व्यवस्था र कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास मार्फत संविधानको मूलमर्म अनुरुप जनमूखि, पारदर्शी, सर्वसुलभ, सरल, मितव्ययी सेवा प्रवाह र विकास निर्माणका कार्यहरुमा दीगोपना कायम गर्न बगनासकालीगाउँपालिकाले आफ्नो क्षमता विकास योजना निर्माण गरेकोमा अत्यन्तै खुशी लागेको छ। विद्यमान कार्यसम्पादन गर्ने शैली, उपलब्ध श्रोत साधन, कार्यगति, गुणस्तर, लागत जस्ता पक्षमा प्रभावकारी एवम् कार्यदक्षता वृद्धि गर्ने प्रक्रिया नै क्षमता विकास हो, जुन निरन्तर, गतिशिल रुपमा चलिरन्छ। स्थानीय सरकारले विशेषत आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, प्रशासनिक र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र गरी पाँच वटा क्षेत्रभित्र रही शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवम् आर्थिक व्यवस्थापन, सामाजिक समावेशीकरण, सेवा प्रवाह, न्यायीक कार्यसम्पादन, भौतिक पूर्वाधार, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य तथा समन्वय विषयमा आफ्ना कार्यसम्पादन गर्ने गर्दछ। उल्लेखित विषय र क्षेत्रमा रहेका दुर्वलताहरुलाई सुधार गर्दै गाउँपालिकाको जनमुखी, पारदर्शी, सर्वसुलभ, सरल, मितव्ययी सेवा प्रवाह र विकास निर्माणका कार्यहरुमा दीगोपना सहित प्रभाकारी र कार्यदक्षताका साथ कार्यसम्पादन गर्न लुम्बिनी प्रदेश प्रशिक्षण केन्द्र, नेपालगन्ज, बाँकेको सहयोगमा यस बगनासकाली गाउँपालिकाको आगामी तीन वर्षिय क्षमता विकास योजना निर्माण गरेको छ। अन्त्यमा, यो योजना निर्माणमा प्रत्यक्ष एवम् अप्रत्यक्ष सहयोग गर्ने लुम्बिनी प्रदेश प्रशिक्षण केन्द्र, नेपालगन्ज, बाँके परिवार, बगनासकाली गाउँपालिकाका अध्यक्ष सहित सम्पूर्ण जनप्रतिनिधि एवम् कर्मचारीहरु, परामर्शदाता र अन्य सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दै योजनाको सफल एवम् प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सवैको सहयोगको अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु।

विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बगनासकाली गाउँपालिका,पाल्पा

## संक्षिप्त रुप:

| | |
|---|---|
| आ.ले.प. | आन्तरिक लेखा परीक्षण |
| आ.यो. | आवधिक योजना |
| उ.स. | उपभोक्ता समिति |
| का.पा. | कार्यपालिका |
| का.यो. | कार्ययोजना |
| गा.पा. | गाउँपालिका |
| गा.स. | गाउँसभा |
| गु.यो | गुरुयोजना |
| गै.स.स. | गैर सरकारी संस्था |
| प्र.प्र.अ. | प्रमुख प्रशासकीय अधिकृत |
| वा.उ.प्र | वातावरणीय अध्ययन प्रतिवेदन |
| स्वा.व्य.स. | स्वास्थ्य व्यवस्थापन समिति |
| स.वि.यो | सहभागितात्मक विकास योजना |
| लैससास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |

## विषय सूची

अध्यक्षको भनाई.................................................
उपाध्यक्षको दुई शव्द.............................................
प्रमुख प्रशासकीय अधिकृतको दुई शव्द..........................

**खण्ड -एक : क्षमता विकास योजना तयारी**

१. गाउँपालिकाको परिचय............................
२ अवधारणा तथा परिभाषा ..........................
३. क्षमता विकास योजनाको लक्ष्य .................
४. क्षमता विकास योजनाकाउद्देश्य....................
५. क्षमता विकास योजनाको औचित्य.......................
६. क्षमता विकास योजनाको सीमा ......................
७. विधी तथा प्रकृयाहरु .........................................
८.क्षमता विकास योजना तयारी कार्यशाला .......................
९.समुह छलफल .......................................................
१०. स्वमूल्यांकन नतिजा अध्ययन तथा विश्लेषण ...................
११. तथ्याङ्क संकलन तथा विश्लेषण..................................
१२. सन्दर्भ सामग्रीको अध्ययन........................................

**खण्ड -दुई क्षमता विकास योजना विश्लेषण**

१. संस्थागत क्षमता विकास आवश्यकता ........................
क) विश्लेषण ..........................
ख) आवश्यकता पहिचान ..............

**खण्ड -तीन ३ वर्षे क्षमता विकास योजना**

१) गाउँपालिका क्षमता विकासका रणनीतिहरू ..............
२) क्षमता बिकास योजनाको अपेक्षित उपलब्धिहरु
३) क्षमता विकास योजना कार्यान्वयनका जोखिम तथा चुनौतीहरु
४) उपरोक्त चुनौतीहरुको समाधानका लागि अवलम्बन गर्न सकिने सम्भावित रणनीतिहरु
५) क्षमता विकास कार्य योजना, बजेट र स्रोतहरू

**अनुसूची१**सहभागीहरुको हाजीरी
**अनुसूची२** कार्यक्रमका फोटोहरु

## खण्ड -एक :
## क्षमता विकास योजना तयारी

### १. गाउँपालिकाको परिचय:

पाल्पा जिल्लाका दश वटा स्थानीय तहहरूमध्ये एक सदरमूकाम तानसेनदेखि ७किलोमिटर उत्तरपूर्वमा गाउँपालिकाको केन्द्र अवस्थित छ ।साविकका नौ वटा गा.वि.स.हरू यस गाउँपालिकामा समेटिएर हाल नौ वटा वडा कायम भएका छन् भने केन्द्र चिर्तुङ्गधारामा रहेके छ । गाउँपालिकाको नामकरण बगनास पर्वत, बगनासथोक, बगनासदेवी, बगनासे चापी तथा पवित्र कालीगण्डकीको संयोजनबाट भएको हो । यस गाउँपालिका क्षेत्रमा बिभिन्न कला, संस्कृति, भाषा, धर्म, जातजातिहरुको समिश्रण रहेको छ ।आर्थिक समृद्दिका लागि कृषि र धार्मिक पर्यटनका क्षेत्रमा परिवर्तनको प्रसस्त सम्भावना बोकेको छ ।सिमानामा पूर्वः रम्भा गाउँपालिका, पश्चिमः तानसेन नगरपालिका, उत्तरः कालीगण्डकी नदी तथा दक्षिणः माथागढी गाउँपालिका पर्दछन् जनसंख्याः २१,३६१ जना (जनगणना २०६८), २८,८४९ जना (वास गणना २०७६), क्षेत्रफलः ८४.१६ ब.कि.मि., खेतीयोग्य जमिनः ४५%, घरपरिवारः ५,२५२, सामुदायिक विध्यालयः ३० वटा (आधारभूत २० र माध्यमिक १०), संस्थागत विध्यालयः ७ वटा, स्वास्थ्य संस्थाः ११ वटा, वडा कार्यालयः ९ वटा, कृषि सेवा केन्द्रः २ वटा, पशु सेवा केन्द्रः २ वटा रहेका छन् ।

धार्मिक, ऐतिहासिक, पर्यटकीय तथा महत्त्वपूर्ण स्थल- बगनास देविस्थान, दर्लम महाकाली, महामृत्युन्जय शिवासन, सिद्द गुफा मन्दिर, रामनदी (राम्दी) धाम, मालारानी, रानीमहल क्षेत्र, ऋषिकेषेश्वर मन्दिर, बौद्द गुम्वा, माडी फाँट, सिद्दबाबा मन्दिर, भगवती मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर, चेचीकोट मन्दिर, आर्यभञ्ज्याङ्ग, चिलाङ्दी भञ्ज्याङ्ग, झिरभञ्ज्याङ्ग, तिनछाँगा, चमेरे गुफा, गुडुवाखोला आदि रहेका छन् ।

### २ .अवधारणा तथा परिभाषा

सन १९८० को दशकमा विशेष गरी अति गरिव तथा विकासोन्मुख देशहरुमा गरिव र धनी वीचको खाडल मात्र वढेन यसले उनीहरु वीचको सामाजिक असमानता, सामाजिक न्यायको दुरी पनि वढाएकोले पनि क्षमता विकास योजनाको आवश्यकता भएको कुराहरु हामीले विभिन्न साहित्यमा पाउँछौ । त्यस्तै सन १९९० को दशकमा दीगो विकासलाई जोड दिइएको पाइन्छ । यसले विशेष गरी विकासका तीन आयामहरुः सामाजिक, वातावरणीय तथा आर्थिक पक्षलाई सन्तुलित रुपमा लानका लागि क्षमता विकासको परिकल्पना गरेको छ । दीगो विकासका ५ स्तम्भहरु पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारीलाई समेटि अघि लानका आवश्यक पर्ने ज्ञान, सीप तथा व्यवहारलाई क्षमता विकासको रुपमा लिन सकिन्छ । दीगो विकासका १७ लक्ष्यहरुलाई स्थानीयकरण गरी दीर्घकालीन योजना तथा रणनीति वनाउँदा ती लक्ष्यहरुलाई स्थानीयकरण गर्न आवश्यक सीप तथा ज्ञानलाई पनि क्षमता विकासको रुपमा बुझ्नु पर्ने हुन्छ । विश्व जगतमा वातावरण तथा जलवायु परिवर्तनमा आएको आकस्मिक परिवर्तनले पृथ्वीमा पार्न सक्ने नकारात्मक प्रभाव तथा असरहरुलाई मध्यनजर गरी दीगो विकासका १७ वटा लक्ष्यहरु तय गरिएको छ । यसले विशेष गरी समुदायमा शशक्तिकरण, जनसहभागिता, मागमा आधारित वटम अप योजना तर्जुमा तथा कार्यान्वयन आदिमा जोड दिन्छ । ज्ञान, उत्तरदायित्व, नेतृत्व, संस्थागत प्रवन्ध, क्षमता विकास योजनाको कार्यान्वयन तथा मूल्याङ्कन क्षमता विकासका अवयवहरु हुन ।

क्षमता विकास भनेको एउटा प्रकिया हो जसको माध्यमले एउटा व्यक्ति, संघसंस्थाहरुले आफ्नो संस्थाको उद्देश्य, अपेक्षित नतिजा अनुसार आफ्नो ज्ञान, सीप, अवधारणा तथा व्यवहारमा परिवर्तन ल्याउँछन । आफूले सम्पादन गर्ने कामलाई थप सक्षमतापूर्वक गर्नका लागि उनीहरुलाई आवश्यक पर्ने ज्ञान, सीप, व्यवहार, उपकरण, श्रोत साधन, उत्प्रेरणा आदिलाई क्षमता विकास भनिन्छ । फरक फरक वातावरणमा एउटा व्यक्ति तथा कार्यालयको फरक फरक क्षमता हुन्छ । एउटा आदर्श अवस्थामा अर्थात एउटा व्यक्तिलाई काम गर्न चाहिने सवै खाले वातावरण उपलव्ध भएको अवस्थामा उसले सम्पादन गर्न सक्ने काम नै उसको क्षमता हो । त्यस्तै ऐन, नियम तथा कानूनले दिएको जिम्मेवारी बमोजिम एउटा कार्यालयले कत्तिको कुशलतापूर्वक कति काम सम्पादन गर्न सक्छ त्यही त्यो कार्यालयको क्षमता हो ।

क्षमता विकासले कुनै अफिस वा संस्थामा काम गर्ने मानिसहरुलाई आफूले जिम्मा पाएको कामको सन्दर्भमा आवश्यक पर्ने सवै सूचना, ज्ञान तथा त्यसलाई प्रयोग गर्ने सीपको बारेमा जान्ने वुझ्ने अवसर प्राप्त गर्दछन । क्षमता विकास भनेको ज्ञान तथा सीपको आर्जन मात्र होइन । कुनै पनि अफिसको कर्मचारी तथा कार्यालयमा रहेको आपतकालीन अवस्थासंग जुध्न सक्ने सामार्थ्य पनि हो । समस्यावाट मुक्ति हुने, संभावनाको खोजी गर्ने, नयां ज्ञान र प्रविधिको खोजी गर्ने, नयाँ प्रविधिसंग तादाम्यता गर्ने तथा निश्चित अवधिभित्र हासिल गर्नु पर्ने लक्ष्य, सूचक हासिल गर्नका लागि उपयुक्त टिम निर्माण गर्नु पनि क्षमता विकास हो भनिएको छ । क्षमता विकास वाह्य भन्दा पनि आन्तरिक पक्षहरुसंगको अन्तर्किया, छलफलवाट तय हुने भएकोले यो आन्तरिक हुन्छ । यो एउटा कार्यालय तथा यस अन्तर्गत कार्यरत कर्मचारीहरुको आन्तरिक परिवर्तन प्रकिया हो । क्षमता विकासलाई पनि धेरै किसिमले वर्गिकरण गर्न सकिन्छ । यसको तहका हिसावले व्यक्तिगत तह, संस्थागत तह, समुदायको तह गरी एकातर्फ विभाजन गर्न सकिन्छ भने अर्कोतर्फ आर्थिक श्रोत चाहिने, नचाहिने,तालिम चाहिने नचाहिने गरी पनि वर्गिकरण गर्न सकिन्छ । एउटा कार्यालयभित्र गरिने क्षमता विकास मध्ये धेरै कामहरु विना पैसा पनि गर्न सकिन्छ ।

विश्वव्यापी रुपमा सन १९६० देखि व्यक्तिगत क्षमता विकासको शुरुवात भएको देखिन्छ भने सन १९८० मा आएर संस्थागत विकासको शुरुवात भएको पाइन्छ । पाउलो फेरोको आलोचनात्मक चेतनाको नयाँ दर्शनले समुदायको शशक्तिकरण तथा सहभागितालाई जोड दिएको देखिन्छ । उनको विचार अनुसार शिक्षामा आमूल परिवर्तन ल्याउनका लागि सवै कुरा जानेको शिक्षकले एउटा अनजान विद्यार्थीलाई पढाउनु भन्दा एउटा अनजान र अर्को अनजान विद्यार्थी बीचको छलफल र वहसवाट उनीहरुले वढी सिक्छन भन्ने सिद्धान्तले संसारभरि तहल्का नै पिट्यो ।उनको सिद्धान्त सामाजिक समावेशीकरण, शशक्तिकरण तथा सहभागिताका हिसावले निकै प्रख्यात छ ।

## ३. क्षमता विकास योजनाको लक्ष्य

गाउँपालिकामा रहेका मानवीय, आर्थिक, सामाजिक, पूंजीगत श्रोतसाधनहरुको उच्चतम प्रयोग एवं परिचालनवाट बगनासकालीगाउँपालिकावासी जनताको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउने

## ४.विशिष्ट उद्देश्य

गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप प्रभावकारी वनाउन आवश्यक पर्ने सीप, क्षमता र कार्य वातावरणमा सुधार ल्याउनु यस योजनाको प्रमुख उद्धेश्य हो साथै यस योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) गाउँपालिकाको परिवर्तित भूमिका निर्वाहका लागि सङ्गठनात्मक तथा संस्थागत व्यवस्थामा सुधार ल्याउने

ख). गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याउने

ग). गाउँपालिकाले योजना तर्जुमा, समन्वय, कार्यान्वय र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाई योजना व्यवस्थापन क्षमतामा सुधार ल्याउने

घ) गाउँपालिकाको कार्य सम्पादन प्रकृयामा सुधार ल्याई स्पष्ट तथा छिटो छरितो बनाउने

ङ) गाउँपालिकाको आन्तरिक आयमा बृद्धिमा सहयोग गर्ने

च) कार्य सम्पादनमा सुधार ल्याउनको लागि आवश्यक भौतिक सुविधा, कार्यालय सुरक्षा, सरसफाइ तथा सूचना प्रविधिको उपलब्धतामा अभिबृद्धि गर्ने

छ). कर्मचारीको कार्य शैलीमा सुधार तथा अन्तरसम्वन्धलाई सुदृढ गर्ने ।

## ५. क्षमता विकास योजनाको औचित्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान २०७२ ले गाउँपालिकालाई २२ वटा एकल अधिकार प्रदान गरेको छ भने १५ वटा साझा अधिकारहरु प्रदान गरेको छ । यसले एकातर्फ १५ वटा अधिकारहरुका लागि संघ तथा प्रदेशसंग समन्वय, सहकार्य, सहमति गर्नु पर्ने देखिन्छ भने संविधानले प्रदान गरेका २२ वटा एकल अधिकारहरुलाई जनताको जीवनमा साँचो परिवर्तन आउने गरी वहुसरोकारवालाहरुको सहमति र सहकार्य अनुरुप कार्यान्वयनमा ल्याउन जरुरी छ । यसरी विभिन्न संवैधानिक, कानूनी, प्रशासनिक आदि जटिलताहरुसंग जुध्दै आफ्ना दैनिक कार्यहरुलाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ । जटिलताहरुको बीच पनि सरलताको खोजी गर्ने कार्यको अर्को नाम हो क्षमता विकास योजना ।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित स्थानीय सरकारका कामकारवाहीहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि हरेक शाखा, शाखाका कर्मचारी, विभिन्न समितिका पदाधिकारी तथा जनप्रतिनिधिहरुसंग निश्चित क्षमता, आवश्यक उपकरण तथा काम गर्ने वातावरणको जरुरत पर्दछ जस्तै उदाहरणका लागि सहकारी सम्वन्धि स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण, कार्यान्वयन र नियमन, स्थानीय सहकारी संस्थाको क्षमता विकास गर्ने काम गाउँपालिकाको भनी उल्लेख गरिएको छ । यसरी स्थानीय नीति, कानून, मापदण्ड निर्माण गरी त्यसलाई कार्यान्वयनमा लानका लागि गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरुलाई निश्चित क्षमताको आवश्यकता पर्दछ । यदि उनीहरुलाई समयमै सो क्षमता प्रदान गर्न सकिएन भने यात उनीहरुले वाहिरी पक्षको भर पर्नु पर्ने हुन्छ यात ती कामहरु सम्पादन हुन सक्दैन ।
स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन पाउने

प्रावधान रहेको र क्षमता विकास योजना आफैमा गाउँपालिकाका लागि एउटा फ्रेमवर्क भएकोले पनि कानूनतः यसको तर्जुमा अपरिहार्य छ ।

## ६. क्षमता विकास योजनाको सीमाः

**क्षमता विकास योजना निर्माणका सिमाहरु**

क्षमता विकास शब्दले व्यक्तिको ज्ञान, सिप र धारणामासकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि भन्ने बुझाउँदछ । बृहत्तर र फराकिलो दायरा समेटेर गाँउपालिकाको क्षमता विकास योजना तर्जुमा गर्नु पर्ने हो, तर सिमित स्रोत साधन र समयका कारण पालिकाको क्षेमता विकासका लागि निम्न अनुसार सीमा भित्र रही यो योजना वनाइएको छ ।

(क) गाँउपालिकाको विषयगत शाखा, केहि सेवाग्राही सँगको छलफल र अन्तरकृयाबाट तयार पारिएकोले वर्गीय, समूहगत चासोले प्रभाव पारेको हुन सक्ने र सबैलाई नसमेटीन सक्छ ।
(ख) विद्यमान स्थानीयसरकार संचालन ऐन, नियम, कार्यविधी र विभिन्न मार्गदर्शन, नमुना निर्देशिका र पालिकाका दस्तावेज एवं कार्यशाला गोष्ठीमा आएका र विभिन्न प्रश्नावली सहितको अनुसूचीहरुका आधारमा तयार गरिएको तर अन्य महत्वपूर्ण विषय धेरै छुटेका हुन सक्छन् ।
(ग) क्षमता विकास योजनालाई कार्यान्वयन गर्न संघ, प्रदेश एवम् विकास साझेदारबाट आर्थिक, प्राविधीक सहयोगको अपेक्षा गरिएको छ ।
(घ) योजनाको मस्यौदा मूलत : गुणात्मक जानकारी र नयाँ विषयवस्तु, प्रविधी तर्फ बढि केन्द्रीत भई तयारी गरिएको छ ।
(ङ)श्रोत साधनको यथार्थ यकिन भै नसकेको संक्रमणकालीन अवस्थामा तयार गरिएको हुँदा कार्यान्वयनमा श्रोत साधनको उपलब्धता र खर्च व्यवस्थापन जोखीम रहन सक्छ ।
(च) नयाँ प्रस्तावित कार्य विभाजन नियमावलीलाई आधार मानी शाखागत क्षमता विकास योजना कार्यान्वयन कार्य योजना तयार गरिएको हुँदा विद्यमान शाखागत कार्य क्षेत्रमा भिन्नता देखिन सक्छ

## ७. विधी तथा प्रकृयाहरु

(क) सर्वप्रथम क्षमता विकास योजनासँग सम्बन्धित दस्तावेज नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ तथा नियमावली, क्षमता विकास दिग्दर्शन, कार्यविधी, योजना कार्यक्रम समिक्षा प्रतिवेदन, गाउँपालिकाको संगठनात्मक संरचनाको अध्ययन र छलफल गरिएको थियो ।
ख) शाखागत क्षमता विकासको अवस्था विश्लेषण गरी १०वटा क्षेत्रहरुलाई समेटी अनुसुचीहरुमा राखी त्यसलाई एकल तथा समूहगत छलफल गरिएको ।
(ख) प्राप्त दस्तावेज अध्ययन र छलफल पश्चात क्षमता विकास योजनाले समेट्नु पर्ने विषय वस्तु, सूचना र तयार गर्ने प्रकृया बारे गाउँपालिका निर्वाचित पदाधिकारी, शाखा प्रमख तथा कर्मचारी, संघ संस्था लगायत सरोकारवाला माझ प्रस्तुतीकरण गरि सो पश्चात छलफल/अन्तरक्रिया गरिएको थियो

(ग) प्रस्तुतीकरणका जिज्ञासाबारे जानकारी गराउँदै अन्तरकृयाको क्रममा प्राप्तसुझावहरुबारे छलफल गरि क्षमता विकास योजनामा समेट्नु पर्ने विषय वस्तु, सहभागीता र श्रोत साधन बारेमा छलफल गरि योजना तयार गरि पुनः पेश गर्ने र अन्तीय रुपमा दिने सहमती भएको थियो ।

(घ) सोही अनुरुप अन्त्यमा सुझावहरुलाई समेटी, कमीकमजोरीहरुलाई सच्याई, छुट भएका विषय वस्तु र क्रियाकलाप समावेश गरि क्षमता विकास योजनालाई अन्तिम रुप दिइएको छ ।

८.क्षमता विकास योजना तयारी कार्यशाला

- गाउँपालिकाका निर्वाचित कार्यपालिका सदस्यहरु, पालिकामा कार्यरत शाखाप्रमुखहरु, विभिन्न संजालका प्रतिनीधिहरुको सहभागतिामा १ दिने कार्यशाला सम्पन्न भएको ।
- प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहजिकरण र गाउँपालिकाको सकियता तथा प्राविधिक सहयोगमा सम्पन्न कार्यशालामा पालिकाको संस्थागत स्वमूल्याङ्कनले १० वटा विषयगत क्षेत्र अनुसार औंल्याएका समस्या, चुनौति, अवसरलाई समिक्षा गर्दे क्षमता विकास योजनाको आधारस्तम्भको रुपमा लिईएको ।
- गाउँपालिकाको क्षमता विकास योजना तयार पार्नु भन्दा अगाडि यसै योजनाको अनुसूची ३ देखि १० सममका फाराममा उल्लेख गरिएको शाखागत तथा नेतृत्वको क्षमताको लेखाजोखा फर्मको प्रयोग गरिएको छ जसमा शाखाको नाम, शाखाको कार्यविवरण, सो कार्यविवरणले उल्लेख गरेका प्रमुख कामहरु सम्पादनको अवस्था, सो शाखावाट अपेक्षा गरिएका उपलब्धीहरु, खाइल, प्रस्तावित क्षमता विकास कार्यक्रम तथा लागत आदि आदिको विषयमा प्रमुख प्रशासकीय अधिकृत तथा शाखाका कर्मचारीहरुसंग छलफल गरी एउटा निचोड निकालिएको छ ।
- पालिकाको राजस्व सुधार सम्वन्धि समस्या, चुनौतिलाई समाधान गर्नका लागि तय गरिएको राजस्व सुधार कार्ययोजना तथा यस प्रतिवेदनमा औंल्याइएका अवसरहरुलाई पनि समिक्षा गरिएको ।
- गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतहरु र शाखा प्रमुखहरुसंग विभिन्न समयमा गरिएको भलाकुसारी, छलफल तथा अन्तर्कियालाई क्षमता विकास योजनाको आधारको रुपमा लिईएको छ। त्यसका अतिरिक्त वडाध्यक्ष, शाखा प्रमुख तथा वडा कार्यालयका सचिवहरुले काम गर्ने सिलसिलामा भोगेका विभिन्न समस्याहरुलाई आधारको रुपमा लिईएको ।
- भर्खरै तयारी अवस्थामा रहेको गाउँपालिकाको लैङ्गिक परीक्षण प्रतिवेदन २०७८को मस्यौदालाई पनि यस क्षमता विकास योजनाको आधारको रुपमा प्रस्तुत गरिएको छ ।
- आवधिक योजना तर्जुमाका लागि तयार गरिएको अन लाईन तथ्याङ्क संकलन विधिवाट प्राप्त विभिन्न सूचनाहरुलाई पनि क्षमता विकास योजनाको आधारको रुपमा लिईएको छ ।

९.समुहछलफल

क) गाउँपालिकाका निर्वाचित कार्य पालिकासंग पालिकाकाका संविधान प्रदत्त एकल अधिकार। साझा अधिकारहरुको प्रयोगको अवस्था, ऐन नियम विधि कार्यविधि तथा निर्देकाहरुको निर्माण तथा कार्यान्वयनको अवस्थासंग सम्वन्धीत अनुसूचीहरु संग सम्वन्धीत फाराममा केन्द्रीत रही छलफल गरियो

ख) पालिकाका शाखा प्रमुखहरुवीच अलग अलग समुहमा छलफल गरी कार्य सम्पादनमा भमिका तथा प्रभाव पारेका पक्षहरुमा केन्द्रीत रही त्यसका उपायहरुसंग सम्वन्धीत अनुसूचीहरुसंग सम्वन्धीत फाराममा केन्द्रीत रही  छलफल गरियो ।

## १०.स्वमूल्यांकन नतिजा अध्ययन तथा विश्लेषण

बगनासकाली गाउँपालिका संस्थागत स्वमूल्यांकनका नतिजा( आ.व. २०७७ । ०७८)

| | | |
|---|---|---|
| **औसत :** | | **५४%** |
| **समग्रस्थिति** | ५३.३८% | |
| **प्रक्रियागतस्थिति** | ५०% | |
| **परिणामात्मक स्थिति** | | ५७.७८% |

| स्व-मूल्याङ्कनविषयक्षेत्रहरु | लुम्बिनी प्रदेश | बगनासकाली गाउपालिका |
|---|---|---|
| शासकीयप्रवनध | ८३.६२ | ८०.५६ |
| संगठनतथाप्रशासन | ६९.६ | ४३.७५ |
| वार्षिकबजेटतथायोजनाव्यवस्थापन | ६३.८८ | ४५.४५ |
| वित्तीयएवम्आर्थिकव्यवस्थापन | ७४.०२ | ४५.४५ |
| सामाजिकसमावेशीकरण | ५२.४६ | ४५ |
| सेवाप्रवाह | ६८.०४ | ६०.९४ |
| न्यायिककार्यसम्पादन | ८०.५४ | १०० |
| भौतिकपूर्वाधार | ४७.०३ | ३८.४६ |
| वातावरणसंरक्षणतथाविपदव्यवस्थापन | ४६.५५ | ११.११ |
| सहकार्यरसमन्वय | ३८.१९ | १०० |

## ११. तथ्याङ्क संकलन तथा विश्लेषण

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको दिग्दर्शनमा उल्लिखित क्षमता विकास संग सम्वन्धित विषय वस्तुका आधारमा प्रश्नावली तयार पारी तथ्याङ्क संकलन गरियो । पालिकाहरूको जनसांख्यिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गरियो । तथ्यमा आधारित योजनाले मात्र पालिकाहरूको सोंच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा पालिकाको वस्तुस्थिती विश्लेषणको कार्यलाई पनि अघि बढाईने छ । प्राप्त तथ्याङ्कका आधारमा क्षमता विकास योजनाको मस्यौदा प्रतिवेदन तयार पारिएकोछ ।

## १२. सन्दर्भ सामग्रीको अध्ययन

क्षमता विकास योजना तर्जुमाका लागि पालिकाहरूसग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख रचना तथा सम्बन्धित साहित्यह?को डेस्क अध्ययन गरी पालिकाको आर्थिक, सामाजिक,

ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरियो । यसका अतिरिक्त पालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, पालिकासग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, संघ तथा प्रदेश प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका क्षमता विकास योजना तर्जुमा निर्देशिका तथा अन्य सम्बन्धित स्रोत सामग्रीको अध्ययन गरियो ।

## खण्ड -दुई
## क्षमता विकास योजनाविश्लेषण

### १. संस्थागत क्षमता विकास आवश्यकता

#### क) विश्लेषण

गाउंपालिकाले तयार पारेको क्षमता विकास योजनालाई वार्षिक योजनामा समावेश गरी प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ । गाउँपालिकाको कार्य कुशलता कर्मचारीहरूको क्षमतामा निर्भर हुने भएकाले ज्ञान, सीप, धारणा र कार्य वातावरणमा गाउंपालिकाले विशेष ध्यान दिन आवश्यक हुन्छ । निक्षेपित कार्यक्रम तथा कार्यालयको कामलाई सहजीकरण गर्नु तथा अनुगमन गरी कामको गुणस्तर गाउँपालिकाको जिम्मेवारी भएकाले यसका लागि सम्पर्क व्यक्ति तोक्ने र अनुगमन प्रणालीलाई सुदृढीकरण गर्नु पर्ने देखिन्छ ।
गाउँपालिकाको समग्र विश्लेषणलाई तलका बुँदाहरुमा उल्लेख गरिएको छ ।

- गाउंपालिकाको हक भोगभित्र रहेका जग्गाहरू, सार्वजनिक पोखरी तथा स्थलहरूको अभिलेख अद्यावधिक गर्न विशेष प्राविधिक सहयोग तथा क्षमता विस्तारको खाँचो छ । गाउँपालिकाको सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी गाउँपालिका स्वयम्‌को भएकाले कर्मचारीलाई क्षमतावान् र जागरुक बनाउनु पर्ने देखिन्छ ।
- राजस्व बृद्धिको अभ्यास राम्रो छ; केही क्षेत्रहरू थप ध्यान दिन सकेमा गाउंपालिकाको आन्तरिक आय सोतमा उल्लेख्य बृद्धि हुने देखिन्छ । जसका लागि केही उदाहरणीय स्थानीय तहको भ्रमण तथा व्यवस्थापकीय सुधारको आवश्यकता देखिन्छ ।
- बजेट तर्जुमा गर्दा सबै शाखाहरू र अन्य सरोकार पक्षहरूको समेत राय सुझाव लिई सहभागितात्मक बजेट तर्जुमा गरी सबै शाखा तथा सरोकारवालाहरूलाई जिम्मेवार बनाउन आवश्यक छ ।
- आयोजना सुपरीवेक्षण तथा अनुगमन समितिलाई नतिजामा आधारित अनुगमन प्रणालीबारे अनुशिक्षण गरी अनुगमन क्षेत्रमा प्रभावकारिता ल्याउन आवश्यक छ ।
- गाउँपालिकाले ऐन तथा नियमको परिधिमा रही विनियम, कार्यविधि तथा निर्देशिका तर्जुमा गर्न सक्दछ । तत्काल आवश्यक देखिएका विनियम, कार्यविधि तथा निर्देशिकाहरूमा कर्मचारी प्रशासन विनियमावली, आचार संहिता तथा नतिजामा आधारित अनुगमन कार्यविधि मुख्य हुन् । त्यसै गरी

आर्थिक प्रशासन, उपभोक्ता समिति संचालन आदि निर्देशिकाहरूलाई अद्यावधिक तथा अनुशिक्षण गर्न पनि आवश्यक छ ।

- प्रशासनिक खर्चको सीमा पालना गर्न गाउँपालिकालाई त्यति ठूलो समस्या नभएकाले खर्चको समीक्षा गरी कार्य योजना बनाएमा यो सम्भावनाभित्र देखिन्छ र आन्तरिक आयको खर्च सीमाभित्र रहेको गाउँपालिकाको रूपमा चिनिदा कर्मचारीलाई आत्मसम्मान र अन्य श्रोत विकास निर्माणमा लगाउन सकिन्छ ।
- लेखा परीक्षणबाट औंल्याएका बेरुजुहरू पुनः दोहोरिन नदिन र पेश्की पछ्यौंटका लागि विशेष संयन्त्र बनाउन आवश्यक छ । यसका लागि राजस्व शाखा तथा योजना शाखामा काम गर्ने कर्मचारीलाई अनुशिक्षण तथा प्राविधिक सहयोग आवश्यक पर्दछ ।
- आवधिक योजना तर्जुमा तथा कार्यान्वयन गाउँपालिकाको महत्वपूर्ण कार्य हो । आवधिक योजना बनिसकेपछि यसका बारेमा अनुशिक्षण तथा आवधिक योजनामा परेका योजनाहरू प्राथमिकताको आधारमा संचालन गर्ने गरी जिम्मेवारी बाँडफाँड गर्नु पर्ने देखिन्छ ।
- साना आयोजना गाउँपालिकाले कार्यान्वयन नगरी वडा मार्फत गर्ने त्यसको अनुगमनमा मात्र गाउँपालिका संलग्न हुनु पर्ने देखिन्छ । यसले कर्मचारीहरूको कार्य बोझ कम हुने र प्रभावकारिता समेत आउने दखिन्छ ।
- गै.स.स.पनि सरकारको काममा सहयोगी हुने भएकाले कार्य वातावरण बनाउन र काममा दोहरोपन हटाई समानुपातिक वितरणमा टेवा पुऱ्याउन तथा गाउँपालिकामा गैसस डेस्क स्थापना गरी सामाजिक विकास सम्बन्धी कार्यक्रमहरू समन्वयात्मक रूपले संचालन गर्न आवश्यक छ । यसका लागि यसमा काम गर्ने कर्मचारीहरूलाई समन्वय र अनुगमनको क्षेत्रमा क्षमता अभिवृद्धि गर्नु पर्ने देखिन्छ । त्यसै गरी अन्तर्राष्ट्रिय संघ संस्थासँग पनि समन्वय र सहकार्यको खाँचो छ ।
- सूचना विकासको आधार भएकाले सूचना केन्द्रको स्थापना तथा यसको स्तरोन्नति गरी क्षमता विस्तार गर्नु पर्ने देखिन्छ । सबै शाखा, कार्यालय, तथा गै.स.स.बाट सूचना उपलब्ध गराउने संयन्त्र बनाउन आवश्यक छ ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहभागितात्मक नागरिक बडापत्र तयार भएको भए पनि केही पक्षहरूमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागू गर्नु पर्ने देखिन्छ । सहभागित्मक तरिकाले तयार पारिने नागरिक बडापत्रले कर्मचारीमा जिम्मेवारी बोध गराउने छ र नागरिक बडापत्र बमोजिम काम भए नभएको अनुगमन गरी त्यसको पृष्ठपोषणले कर्मचारीको क्षमता बृद्धि गराउने छ ।
- त्यसै गरी प्रशासन, योजना, जिन्सी, प्राविधिक, पञ्जीकरण, राजस्व शाखाहरूमा कम्प्युटर सफ्टवेयरको व्यवस्था, तालिम तथा शाखाहरू विच नेटवर्किङ् गर्न आवश्यक छ । जसले कागजविहीन सुशासनको नविनतम् अवधारणातर्फ उन्मुख गर्न मद्दत गर्नेछ ।
- सेवाग्राहीहरूबाट आएका गुनासाहरू समाधान गर्न सो सम्बन्धी तालिमको आवश्यकता देखिन्छ ।
- गाउँपालिकाले राजस्व सम्भाव्यता अध्ययन तथा नयाँ स्रोतहरूको पहिचान र सहभागितात्मक राजस्व सुधार योजना तर्जुमा भइसकेकाले सोको अनुशिक्षण गरी आन्तरिक आयको लागि क्षमता अभिबृद्धि गर्नु पर्ने देखिन्छ । अन्य स्थानीय तहहरूको अभ्यासको अध्ययन तथा अवलोकन तथा

आयमुलक योजनामा लगानीको सम्भावना अध्ययन गर्नु पर्ने देखिन्छ । राजस्वको दर रेट निर्धारण पद्धतिलाई सहभागितात्मक र राजस्व परामर्श समितिको नियमित रूपमा बैठक बस्ने व्यवस्था मिलाउन आवश्यक छ ।

- निजी क्षेत्रसँगको साझेदारीको प्रयास निकै कमजोर भएकाले यसका लागि थप अध्ययन गरी सार्वजनिक सेवा सुविधा उपलब्ध गराउन निजी क्षेत्रको सहभागिता गराउन सकिन्छ । अहिलेको सन्दर्भमा स्थानीय तहहरू आन्तरिक आय भन्दा सङ्घ तथा प्रदेश अनुदानमा निर्भर भएकाले वडा सचिव तथा सहायकहरूलाई गाउँपालिकाको स्रोत अभिवृद्धि सम्बन्धी तालिमको आवश्यकता देखिन्छ
- गाउँपालिकाले बढ्दो जिम्मेवारी पूरा गर्न निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुका लागि कार्य कक्षहरूको अभाव देखिन्छ । गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु मध्ये ७ वटै वडामा भवन निर्माण भइ सोबाट सेवा प्रवाह भइरहेको सन्दर्भमा गाउँपालिकाको आफ्नो प्रशासकीय भवन निर्माण नभइसकेकाले सङ्घीय सरकारसँग अनुरोध गरी यथासक्य चाँडो नयाँ प्रशासकीय भवन निर्माण गर्नु पर्ने देखिन्छ ।
- कार्यालयको सरसफाइको प्रबन्ध पनि सुधारयोग्य देखिन्छ । सरसफाइ सम्बन्धी तालिम तथा आधुनिक औजारको व्यवस्था गरी जिम्मेवारी वहन तथा नियमित अनुगमनको आवश्यकता देखिन्छ । सरसफाइकर्मी तथा मालीको लागि सेवा करार लिने कार्य पनि उत्तम हुन सक्दछ ।
- कार्यालयमा व्यवस्थित फाइलिङ् नहुँदा कर्मचारीले सास्ती बेहोर्नु परिरहेको हुन सक्छ । सोका लागि यस सम्बन्धी तालिम तथा निर्देशिका तयार गरी व्यवस्थित फाइलिङ् प्रणाली लागू गर्न आवश्यक छ । त्यस्तै अनावश्यक कागजातहरू पहिचान गरी वार्षिक रूपमा धुल्याउन आवश्यक छ । यसको लागि सम्बन्धित विज्ञबाट कागजात धुल्याउने सम्बन्धी अनुशिक्षणको आवश्यक छ । अन्यथा यस्तो दिन आउनेछ, कागजपत्र कार्यालय भित्र कर्मचारी बाहिर बसेर काम गर्नु परोस् ।
- कम्प्युटर तथा सूचना प्रविधिको प्रयोगमा सबै निपूर्ण हुन आवश्यक छ । जसका लागि आवश्यक व्यवहारिक तालिम सबै कर्मचारीहरूलाई दिनु पर्दछ ।
- हाल कार्यरत कर्मचारी दरबन्दीको पुनरावलोकन गरी आवश्यक पद सिर्जना गर्नु पर्ने देखिएको छ । वर्तमान संक्रमणकालीन व्यवस्थाले गर्दा स्थायी पदपूर्ति भने गर्न नमिल्ने अवस्था भए तापनि अत्यावश्यक पदहरू करारबाट लिन सकिन्छ ।
- कर्मचारीको सीप, क्षमता र कार्य शैलीको विकासका लागि नेतृत्व विकास, प्रशंसनीय खोज, व्यवस्थापन, प्राविधिक विषयका लागि नविनतम् कम्पयुटर तालिमको आवश्यकता महसुस गरिएको छ । कर्मचारीलाई सक्षम बनाई जिम्मेवारी दिएमा कार्य सम्पादन मूल्याङ्कन गर्दा कार्य विवरणको आधारमा गर्न सकिन्छ ।
- कर्मचारीहरूले अवलोकन गरेर सिक्ने पद्धतिको विकास गर्न स्वदेश तथा विदेश भ्रमणको आयोजना गर्नु पर्दछ । सङ्गठनमा महिला तथा पिछडिएका वर्गको उपस्थितिलाई सुनिश्चित गर्न नयाँ भर्नामा राज्यले लिएको नीति अनुरूप गर्ने र उनीहरूको लागि कार्य गर्ने वातावरणको यथोचित व्यवस्था गर्नु पर्दछ ।

- सही व्यक्ति सही पदको अवधारणा अनुसार कर्मचारी वितरण मिलाउने तथा कर्मचरीहरूको नियमित सरुवाको व्यवस्था गरी सबै क्षेत्रको अनुभव लिने अवसर दिनु पर्दछ । राम्रो काम गर्ने कर्मचारीलाई प्रशंसा तथा पुरस्कारको व्यवस्था गरेमा कर्मचारीको मनोबल माथि उठ्दछ ।

ख) **आवश्यकता पहिचान**

**शासकीय प्रवन्ध :**

- विशेषत: कार्यपालिका सदस्य तथा गाउँसभा सदस्यहरुलाई स्थानीय सरकारको भूमिका र जिम्मेवारी सम्बन्धी अभिमूखिकरणको आवश्यकता रहेको ।
- गाउँ कार्यपालिकाको गठन,काम,कर्तव्य र अधिकारको बारेमा जानकारी ।
- गाउँपालिकामा तर्जुमा भएका ऐन, नियम, कार्यविधि आदिको बारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण,
- कार्य विभाजन नियमावलीको तर्जुमा र सोको कार्यान्वयन

व्यवस्थापन

- अन्तर-शाखा र निकायबीच सूचना आदान-प्रदान/सञ्चार/समन्वय
- समन्वय सीप,सफल अभ्यास-क्षेत्रको भ्रमण
- सबै जनप्रतिनिधि तथा शाखा प्रमुख कर्मचारीहरुलाई वार्षिक योजना तथा बजेट तर्जूमा, योजना कार्यान्वय्नन, अनुगमन तथा मूल्यांकन सम्बन्धी विषयमा गहन तालिमको आवश्यकता रहेको ।
- प्रभावकारी सेवा प्रवाहका लागि कार्यविधि चाहिने, अभिमुखीकरण गरी ज्ञान, सीप र सकारात्मक धारणा बनाउनु पर्ने
- समुदायस्तरमा विकास निर्माणसम्बन्धी अभिमुखीकरण/जानकारी
- स्रोत जुटाउनका लागि सङ्घीय र प्रदेश सरकारसँगको समन्वय र पहुँच वृद्धि
- विभिन्न शाखाका कर्मचारी र वडा सचिवहरूलाई अनुगमन तालिम ।
- उपभोक्ता समितिलाई अभिमुखीकरण/जानकारी, स्थानीय आचार संहितामा कडाइ गर्ने
- गाउँ बस्तुगत विवरणको Digitalization र आवधिक विकास योजनाको अद्यावधिक
- समन्वय, प्रतिवेदन आदिमा वढी ज्ञान/सीप आवश्यक

सङ्गठनात्मक

- कर्मचारीहरूमा उत्प्रेरणा, अनुगमन
- छुट्टाछुट्टै आचार-संहिता बनाई लागू गर्नुपर्ने, सोका लागि अभिमुखीकरण गर्ने
- आपसी सहकार्य र सहमति बनाई व्यक्तिगत प्रतिबद्धता चाहिने
- स्थानीय श्रोतको पहिचान र परिचालन

- सेवाग्राह्यीको लागि आधारभूत सुविधाहरु जस्तैः विश्राम कक्ष, निशुल्क वाईफाई, सफा खानेपानी, सहायता कक्ष, स्वास्थ्य सेवा आदि व्यवस्था गर्न ध्यान दिनु पर्ने ।
- पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखाका कर्मचारीहरुलाई तालिमका साथसाथै अन्य पूर्वाधारको विभिन्न प्रकारका तालिमहरू चाहिने (पद र दिइएको दायित्व अनुसार)
- नेटवर्कमा आबद्धता, नियमित बैठक गर्ने, प्रगति समीक्षा (आन्तरिक) गर्ने
- प्राविधिक कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरुलाई भौतिक पूर्वाधारहरुको गुणस्तर सुनिश्चितता सम्बन्धी तालिमको आवश्यकता रहेको ।
- सार्वजनिक सेवा प्रवाहको सम्वन्धमा सिमान्तकृत समुदायलाई विभिन्न प्रकारका चेतनामूलक तालिमको आवश्यकता रहेको ।
- योजना अनुगमन प्रणालीको प्रभावकारिता तथा गुणस्तर सुनिश्चितताको उच्च आवश्यकता ।
- व्यवस्था गरी क्षमता अभिवृद्धिको आवश्यकता रहेको ।
- नियमित बैठक, परिचालन, स्थलगत भ्रमण/ अध्ययनको व्यवस्था
- केही नीति/कार्यविधिहरू अझै थप बन्नु जरुरी (जस्तैः योजना सम्पन्न भएपछिको व्यवस्था), थप अभिमुखीकरण
- कम्प्युटर, सफ्टवेयर, सामान्य सर्वेक्षणका अति जरुरी सामग्रीहरू जस्तै M GIS, GPS, Totalstation, Abney-level
- कार्यविवरण पुनरावलोकन, अनुगमन/मूल्याङ्कन प्रणाली
- केही वडामा सचिव दरबन्दी पूरा गर्ने, मानव संसाधन इकाईको स्थापना र सामाजिक विकासमा थप गर्ने -

वित्तीय

- राजस्व प्रक्षेपण समेत गर्ने सफ्टवेयरको व्यवस्था
- राजस्व सुधार कार्ययोजनाको हरेक वर्ष पुनरावलोकन गर्ने
- कर्मचारीको सही परिचालन, कर्मचारीलाई तालिम र भ्रमण व्यवस्था
- बजेटिङ् तथा खर्च व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, अभ्यास/अनुगमन/पृष्ठपोषण
- खरिद प्रक्रिया पूर्ण परिपालन भए-नभएको अनुगमन, लेखा परीक्षण
- सम्पत्ति/जिन्सी व्यवस्थापनबारे थप तालिम र अभिमुखीकरण चाहिने
- लेखा-परीक्षणको प्रभावकारिताका लागि विशेष प्रोत्साहन भत्ता र स्किमको व्यवस्था भएको तर यसमा थप कडाइ र तदारुकता अपनाउनुपर्ने ।
- वित्तिय प्रतिवेदन तयारी सीप विकास र पूर्ण अभिमुखीकरण, वित्तिय अनुशासनका लागि अनुगमन ।

सूचना

- व्यवस्थित अभिलेख व्यवस्थापन र उचित तरिकाले दर्ता र भण्डारण गर्नुपर्ने, कार्य-विवरण अझ स्पष्ट पार्नु पर्ने र कार्य बाँडफाँट,
- पुस्तकालयको स्थापना र व्यवस्थापन अभिमुखीकरण तालिम झ पञ्जीकरण व्यवस्थापनका लागि हरेक वडामा कम्प्युटर सफ्टवेयरको प्रभावकारी कार्यान्वयन हुनुपर्ने र रिक्त स्थानमा दरबन्दी पूरा हुनु पर्ने ।
- सूचना केन्द्रको स्थापना र व्यवस्थापन
- भू-सूचना प्रणालीका लागि आवश्यक नक्सा र सूचना गाउँपालिकाबाट हुन सक्ने नीति र थप तालिम आवश्यक

सुशासन

- जनसहभागिता सम्बन्धी प्रावधानहरूको पूर्ण कार्यान्वयनमा थप अनुगमन संयन्त्र र समय-तालिका बनाई कार्य गर्नु जरुरी,
- स्थानीय सञ्चारकर्मी/ एफ.एम.हरूको बढी परिचालन, आचार-संहिता र नीति-नियमको पूर्ण पालनाको अनुगमन/मूल्याङ्कन/ सुपरीवेक्षण
- उचित संयन्त्र र नीति-नियम बनाई पुरस्कार,दण्ड/जरिवाना कडाइका साथ लागू गर्ने, गुनासो व्यवस्थापन तालिम (कर्मचारी)
- गाउँपालिका लगायत वडाहरुको आफ्नै कार्यालय भवनको व्यवस्था, रिक्त स्थानमा वडा सचिवको पद पूर्ति, प्राविधिक, सहायकहरू पदपूर्ति गर्नुपर्ने
- पारदर्शिताका लागि सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ सञ्चालन सम्बन्धी तालिम
- सूचना प्रवाहका लागि कार्यालयको लेआउट झल्कने एउटा थप बोडर्को व्यवस्था
- विभिन्न शाखाहरूबाट प्रदान गर्ने सेवाको नागरिक वडापत्र एकमुस्ट राखी प्रकाशन गरी वितरण गर्ने व्यवस्था
- वेबसाइट अपडेट गर्ने तालिम , सञ्चार (मिडिया) परिचालन/प्रेस रिलिज गर्ने तालिम ।

**समन्वय र सहकार्य विकास**

- सामुदायिक संस्थाहरूलाई व्यवस्थापकीय क्षमता विकास, नेतृत्व विकास, प्रस्तावना लेखन, श्रेस्ता प्रणाली आदिबारे थप तालिम, आचार-संहिता निर्माण र पूर्ण परिचालन, सचेतना शिक्षा (नागरिक)
- निजी क्षेत्रसँग सहकार्य/साझेदारी बढाउने, नीति नियम र व्यवसायिक आचारसंहिताको पूर्ण पालना
- माथिल्ला निकायहरूसंग नियमित अनुगमण निरीक्षण गर्ने तालिका तयार गरी कार्यान्वयन गर्ने, अनिवार्य रूपमा स्थलगत अवलोकन/भ्रमण प्रतिवेदन तयार गरी जानकारी गराउने प्रणालीको विकास गर्ने,
- बजेट बाँडफाँटमा पारदर्शिता र पछाडि परेको बर्गलाई प्राथमिकता दिने व्यवस्थाका लागि वकालत गर्ने,

- विषयगत शाखाहरू तथा विभिन्न कार्यक्रम/परियोजनाहरूबीच नियमित बैठक, आवधिक समीक्षा गोष्ठी, नियमित प्रतिवेदन एवम् पृष्ठपोषण प्रणाली
- कर्मचारी सरुवा गर्दा निश्चित मापदण्ड अनिवार्य लागू गर्ने र मातहतका कर्मचारी सरुवा गर्दा सङ्घ तथा प्रदेशको सहमतिमा गर्नुपर्ने
- अन्तर्राष्ट्रिय निकायहरूसंग समन्वयात्मक बैठक र अन्तरक्रियाहरूको नियमितता, यस्ता निकायहरूको आवधिक प्रतिवेदन एक प्रति गाउँपालिकामा पठाउनु पर्ने अनिवार्यता लागू गर्ने,
- सामूहिक अनुगमन संयन्त्र र तालिका तयार पारी कम्तिमा वर्षको दुईपटक वा एउटा मात्र भए पनि स्थलगत अनुगमन गर्ने, जस्तै: गाउँपालिका मातहतका निकायहरू, बन, सडक, सिंचाइ, प्रशासन, प्रहरी आदिको संयुक्त सहभागितामा ।

**बगनासकालीको संस्थागत स्वमूल्याङ्कनले आ.व. २०७७/०७८ मा औल्याएका सुधार गर्नुपर्ने पक्षहरु :**

- सबै क्षेत्रमा बन्नु पर्ने आवश्यक ऐन, नियम, कार्यविधि निर्माण भई नसकेको
- समयमै कार्यपालिकाको बैठक समय तथा एजेण्डा बारेमा संधै जानकारी हुने नगरेको
- कार्य विभाजन स्पष्टरुपमा हुन नसकेको ,विषयगत शाखामा पर्याप्त कर्मचारीको अभाव
- कर्मचारी र जनप्रतिनिधिहरु बीच कार्य प्रभावकारी विभाजन नभएको
- वार्षिक विकास योजना भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुनु ।
- योजना तर्जुमा अगाडि मध्यमकालिन खर्च संरचना तयार नहुनु ।
- प्रदेश सरकारबाट प्राप्त बजेटको सम्बन्धित क्षेत्रमा परिचालन गर्न नसकिएको
- कार्यपालिका र सभाबाट स्विकृत भएको शिर्षकमा बजेट कार्यान्वयन हुन नसकि पुन अर्को शिर्षकमा बजेट अनुमोदन गरिएको ।
- भौतिक पूर्वाधार, कर्मचारी अभावको कारण उपयुक्त समय र स्थानमा सेवाप्रवाह गर्न नसकिएको ।
- लैंगिक विभेद तथा छुवाछुत, अन्धविश्वासलाई अझै न्यूनिकरण गर्न नसक्नु
- वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको कार्यान्वयन प्राथमिकतामा नपर्नु
- गाउँपालिकामा लिखित रुपमा गुनासो आउने नगरेको र मौखीक गुनासोलाई मात्र सम्बोधन हुने गरेको
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा तथा कार्यान्वयन नहुनु ।
- दस्तावेजिकरण तथा सूचना प्रसारणको प्रणाली स्थापित नहुनु
- पूर्वाधारका आयोजनाको वातावरणीय व्यवस्थापन योजना नभएको
- जल विद्युत तथा ऊर्जा विकास क्षेत्रमा आयोजना तर्जुमा गरी कार्यान्वयन नभएको
- मेसिनरी तथा उपकरण संचालन सम्बन्धी पालिकास्तरीय नीतिको प्रभावकारी कार्यन्वयन हुन नसकेको,

- आयोजना सम्झौता पश्चात र संचालन पूर्व उपभोक्ता समितिलाई तालिम अभिमुखीकरण नगरेको
- साझा योजना कार्यान्वयनका लागि स्थानीय तह र अन्य निकाय बिच प्रभावकारी समन्वय हुन ववरणको आधारमा सूचक बनाई मुल्याङ्कन गरी दण्ड पुरस्कार प्रणाली लागू नभएको

## खण्ड– तीन

## क्षमता विकास योजना

### १) गाउँपालिका क्षमता विकास योजना कार्यान्वयनका रणनीतिहरू

योजना कार्यान्वयनलाई रणनीतिक रुपमा सफल पार्न त्यसको कार्यान्वयन पनि रणनीतिक रुपमा अंगिकार गरिनु पर्दछ । यस वगनासकाली गाउँपालिकको यो त्रीवर्षीय क्षमता बिकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्न अनुसार रणनीतिक भुमिकाहरुको पहिचान गरिएको छ । सबैले आफ्नो स्थानबाट योगदान गर्न सकेमात्र यो क्षमता बिकास योजनाले सार्थकता पाउँनेछ ।

क) गाउँपालिका

यस क्षमता विकास योजनाको सफलता, सार्थकता र प्रभावकारी कार्यान्वयनको अध्यक्ष पक्ष भनेको गाउँपालिका हो । गाउँपालिका भन्नुको अर्थ गाउँपालिकाअध्यक्ष, उपाध्यक्ष वडा अध्यक्षहरु, गाउँपालिकाका कर्मचारीहरु समग्र रुपमा हुन्छ भनेर बुझ्नु पर्ने हुन्छ । यो योजना कार्यान्वयनका लागि गाउँपालिकाले न्युनतम रुपमा निम्न अनुसार भुमिका निर्वाह गर्नु पर्ने निस्कर्ष निकालिएको छ ।

- क्षमता विकास योजनाको कार्यान्वयनका लागि मासिक, त्रैमासिक र बार्षिक क्यालेण्डर बनाउँने र कार्यान्वयनका लागि बिषयगत रुपमा फोकल पर्सन तोक्ने ।
- क्षमता बिकास योजना कार्यान्वयन, अनुगमन र नियमनका लागि गाउँ कार्यपालिकाका कुनै सदस्यको संयोजकत्वमा ५ देखि ७ सदस्यीय समिति बनाइ जिम्मेवारी दिने । नरप्रमुखले शुक्ष्म रुपमा अनुगमन गर्ने र पृष्टपोषण दिने ।
- क्षमता बिकास योजनाका लागि बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।
- यस क्षेमता विकास योजनालाइ योगदान दिन सक्ने व्यक्ति र संस्थाहरुको रोष्टर तयार गरी प्रभावकारी परिचालन गर्ने ।
- क्षमता विकास योजना कार्यान्वयनका लागि बार्षिक बजेटमा प्राथमिकता दिने ।
- बिभिन्न बिकास साझेदार र सहयोगी निकायहरुको पहिचान गरी उनीहरुसंग साझेदारीता र सहकार्यको वातावरण बनाउँने ।
- क्षमता विकास योजनाको नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्यांङ्न गर्ने ।